संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५६

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ३:०५ बजे*
*बैठक स्थगित : ३:४० बजे*

२०७९ भदौ ३०, बिहीबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **छपन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ३:०५** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय उदय बहादुर बोहरा**ले जनताका समस्या लिएर मन्त्रीकहाँ जाँदा सांसदलाई मन्त्रीले समय नै नदिने अवस्थाको अन्त्य गर्न माग गर्नुभयो ।

**माननीय गोमा देवी तिमल्सिना**ले डेङ्गु निराकरणको लागि किटनाशक औषधीको व्यवस्था गर्न सरकार समक्ष माग गर्नुहुँदै मिटरब्याजी समस्याको समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय जयन्ती देवी राई**ले डेङ्गु संक्रमणमा सरकारको ध्यान नगएको आरोप लगाउनुहुँदै रोकथामको माग गर्नुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले ठगीका घटनालाई राष्ट्रिय मुस्लिम आयोगका अध्यक्षले संरक्षण गरेको खबर आउँदा पनि उनलाई निलम्बन नगरेको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय मदन कुमारी शाह गरिमा**ले भदौ २४ को वर्षाका कारण महाकाली नदीमा भएको क्षतिको जानकारी गराउनुहुँदै क्षतिपूर्तिको माग गर्नुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे** बाबाजीको भेषमा बुटवलमा धेरै बाबाजी आएर बाल अपहण गरेको घटनाको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय सुरेशकुमार आलेमगर**ले भदौको अन्त्यमा पनि बाढि पहिरोजन्य विपद्का घटनाहरू बढिरहेकोले यसको प्रितकार्यमा सबै लाग्नु पर्ने विषय उजागर गर्नुहुँदै डेङ्गुको समस्या सबै जिल्लामा फैलिएका सम्बन्धमा जानकारी गराउनुहुँदै समाधानका लागि सरकारले विशेष पहल गर्न माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी प्राप्त पत्रको ब्यहोरा देहाय बमोजिम जानकारी गराउनुभयो:

> "माननीय अर्थमन्त्री जनार्दन शर्मा गणतन्त्र कोरियाको इन्चेयनमा आयोजना हुने हरित जलवायु कोष (ग्रिन क्लाइमेट फण्ड- जि.सी.एफ) को विश्वव्यापी सम्मेलनमा सहभागी हुन मिति २०७९ भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)

मुख्यसचिव
२०७९/५/२६"

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीमा विधेयक, २०७५" र "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय सभापति डा. बेदुराम भुसालले उक्त प्रतिवेदनहरू पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा उक्त छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनुभयोः

- मा. डा. बेदुराम भुसाल
- मा. देवेन्द्र दाहाल
- मा. तुलसा कुमारी दाहाल

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले सभा समक्ष जवाफ दिनुभयो । लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले सभाबाट स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९"** माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने ब्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन

सहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" माथि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयोः

- मा. तुलसा कुमारी दाहाल
- मा. अनिता देवकोटा
- मा. डा. विमला राई पौड्याल

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादव**लाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो । लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि २४** सम्म उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रतिवेदनका उल्लिखित संशोधनहरू सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको **क्रम सङ्ख्या १ देखि २४ सम्म** उल्लिखित संशोधनहरु **"पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरु पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ४२ सम्मका दफाहरू र अनुसूची प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले विधेयकको दफा २ देखि ४२ सम्मका दफाहरू र अनुसूची प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम देहाय बमोजिम पढेर सुनाउनुभयोः

**"<u>प्रस्तावना</u>:** प्रचलित कानून बमोजिम स्थापित नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका र दर्ता हुन योग्य पशु चिकित्सक बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवं मर्यादित ढंगले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य र पशु सेवा व्यवसायको विकास गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो ऐनको नाम **"पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।"

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले विधेयकको प्रस्तावना र नाम पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनेको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७९ पारित गरियोस्"

भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव **सर्वसम्मति**ले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को **सोही दिन २९ मिनेट पछि** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव